बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# येषूको आष्चर्यकर्म



लेखन: Edward Hughes
चित्र: Byron Unger; Lazarus
संयोजन: E. Frischbutter; Sarah S.
अनुवाद: Mrs. Trifaina Subba
Alastair Paterson
प्रकाशक: Bible for Children
www.M1914.org

BFC
PO Box 3
Winnipeg, MB R3C 2G1
Canada

©2020 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।

येषूले धेरै आष्चर्यकर्म गर्नुभयो। आष्चर्यकर्मले येषू साँच्चै परमेष्वरको पुत्र हो भनी देखाउँथ्यो। पहिलो आष्चर्यकर्म चाहिँ काना षहरको विवाह भोजमा भएको थियो। एउटा समस्या उत्पन्न भयो, त्यहाँ प्रषस्त दाखमद्य थिएन्।



येषूको आमा मरियमले तिनलाई यो समस्याको विशयमा बताए अनि दासहरूलाई येषूले जे आज्ञा गर्छ त्यही गर भनी भने।



"घ्याम्पाहरूमा पानी हाल" भनी
येषूले भन्नुभयो। "पानी?" तिनीहरूले
सोध्नथाले। हो! येषूले पानीको
विशयमा भन्नुभयो।



त्यसपछि येषूले एक
दासलाई एउटा ठूलो
घ्याम्पा ल्याएर त्यस
मानिसलाई चाख्न भनी
भन्नुभयो। त्यो पानी
दाखमद्यमा परिणत भए।



दासहरू चकित भए। येषूले पानीलाई दाखमद्यमा परिणत गर्नुभयो। परमेष्वरले मात्र यस्तो आष्चर्यकर्म गर्नुहुन्छ।



येषूले अरू आष्चर्यकर्महरू पनि गर्नुभयो। एक साँझ, उहाँ अनि उहाँका चेलाहरू पत्रुसको घरमा गए। पत्रुसको सासू ज्वरोले पूरा बिमारी भएका थिइन्।



जब येषूले तिनको हात छोए तब त्यसै घड़ी तिनी फेरि निको भइहालिन्। तिनी उठिन् अनि येषू र उहाँका चेलाहरूको सेवा गरिन्।



यसमा थाह गर्न सक्छौं कि सबै षहरहरू त्यस साँझ तिनीहरूको ढोका अघि जम्मा भएको थियो। अन्धो, बहिरो, गुंगो अनि लंगड़ोहरू उहाँकहाँ आए। तिनीहरूमा भूत लागेको मानिसहरू पनि येषूकहाँ आएका थिए। के उहाँले धेरैलाई सहायता गर्न सके?



येषू परमेष्वरको पुत्रले सहायता गर्नसक्छ। येषूले सहायता गर्छ।
जो पनि उहाँकहाँ आए तिनीहरू निको भए। मानिसहरू जो
हिँड्नै सकेका थिएनन् तिनीहरू हिँड़े, दौड़े अनि उफ्रन सके।





अरूहरू आए
जोहरू कोरले
नराम्रो भएको
थियो।



तिनीहरू राम्रो अनि
षुद्ध भए जब येषूले
तिनीहरूलाई निको
पार्नुभयो।

पुरूश अनि स्त्री भूत आत्माले समस्यामा परेका थिए तिनीहरू पनि येषूको अघि आए। उहाँले ती भूतहरूलाई तिनीहरूबाट निस्कने आज्ञा दिनुभयो। जसरी दुश्ट आत्माको आज्ञा मानेर भयभीत, अखुषी मानिस षान्त अनि आनन्दित भए।



भीड़को पछि चार मानिसहरूले तिनीहरूको मित्रलाई येषूको अघि ल्याउन कोषिश गरिरहेका थिए। तर तिनीहरू नजीक आउन सकेका थिएन्। तिनीहरूले के गर्नसके?



ती बिमारी मानिसलाई
ती चार मित्रहरूले घरको
धुरीबाट तल येषूकहाँ झारे।
अब तिनीहरू येषूको
नजीक आए।



येषूले ती चार मित्रहरूकोमा विष्वास देखे। उहाँले ती बिमारी मानिसलाई भन्नुभयो, “तिम्रो पाप क्षमा भएको छ। तिम्रो ओछ्यान उठाऊ र जाऊ।” ती मानिस असल अनि बलियो भई उठे। येषूले तिनलाई निको बनाउनुभयो।



केही क्षण पछि येषू
चेलाहरूसंग जहाजमा थिए।
एउटा डरलाग्दो आँधी-बेह्री
समुद्रमा आए त्यतिबेला येषू
सुतिरहनुभएको थियो।
डराइरहेका चेलाहरूले
येषूलाई उठाए, “येषू हामीलाई
बचाउनुहोस्,
हामी मर्न लागेका छौं।”



“स्थिर रहौं” भनी येषूले आँधीलाई आज्ञा दिनुभयो। त्यही घड़ी त्यो आँधी षान्त भए। “कस्तो प्रकारको मानिस हो? आँधी र बेहीरले पनि तिनको आज्ञा मान्थे भनी येषूका चेलाहरूले भन्नलागे। तिनीहरूले येषू परमेष्वरका पुत्र हुनुहुन्छ भनी विष्वास गरे किनकि उहाँको आष्चर्यकर्मले उहाँको महिमा देखे। चेलाहरूले यो थाह गर्नसकेका



थिएनन् तर तिनीहरूले येषूलाई मानिसहरूको सेवा पुर्याइरहेको अनि आष्चर्यकर्म गरिरहेको देखे।

# येषूको आष्चर्यकर्म

**परमेश्वरको वचन बाइबलबाट लिइएको कथा**

**जुन**

मत्ती 8-9, मर्कूस 1-2, मर्कूस 4, लूका 4,
लूका 8, यूहन्ना 2

**“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।”**

**भजनसंग्रह ११९:१३०**

# समाप्त

40

60

बाइबलको यो कथाले हाम्रा अद्‌भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गऱ्यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गऱ्यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६